# दूरसञ्चार सम्बन्धी कानून र दुरसञ्चार अपराध सम्बन्धी जिल्ला र उच्च अदालतका न्यायधीशहरु, सरकारी वकिल एवं अनुसन्धान अधिकारीहरुलाई लक्षित प्रशिक्षण कार्यक्रम, २०८०

## प्रशिक्षण पाठ्यक्रम

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु

## विषयसूची


| विषय | | पेज |
|---|---|---|
| **भाग एक<br>प्रारम्भिक** | | |
| पृष्ठभूमी | | १ |
| प्रशिक्षण पाठ्यक्रमको उद्देश्य | | १ |
| पाठ्यक्रमको प्रयोग | | २ |
| प्रशिक्षण कार्यक्रमको समग्र उद्देश्य | | २ |
| सहभागिता, सहभागी संख्या र अवधि | | २ |
| पाठयक्रमको संरचना | | २ |
| पाठ्यक्रमका सत्रहरु | | ३ |
| प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन | | ३ |
| **भाग दुई<br>सत्र र यसमा समेटिने विषयहरु** | | |
| सत्र एक | दुरसञ्चार अपराध सम्वन्धी अवधारणा | ४ |
| सत्र दुई | दुरसञ्चार सम्वन्धी कानून, अनुसन्धान र अभियोजन | ४ |
| सत्र तिन | दूरसञ्चार सम्वन्धी कसूरमा न्यायिक अभ्यास | ५ |
| **सन्दर्भ सामग्री** | | ६ |

# भाग एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमी

राष्ट्रिय न्यायिक प्रतिष्ठान कानून तथा न्यायको क्षेत्रमा संलग्न जनशक्तिको कार्यक्षमता र व्यवसायिक दक्षता अभिवृद्धि गर्न प्रशिक्षण कार्यक्रमको साथै कानून र न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने समेतको उद्देश्यले स्थापना भएको अविच्छिन्न उत्तारधिकारवाला स्वशासित र सङ्गठित संस्था हो। प्रशिक्षण लगायतका अन्तर्कृयात्मक कार्यक्रम समेतबाट हुने निरन्तरको सिकाइले संगठनमा कार्यरत जनशक्तिको व्यवसायिक ज्ञान, सीप र दक्षतामा अभिवृद्धि हुन गै संबन्धित संस्थाबाट प्रवाह गरिने सेवालाई छिटो छरितो र प्रभावकारी बनाउन र संगठनले लिएको उद्देश्य हासिल गर्न सहयोग पुग्दछ ।यस राष्ट्रिय न्यायिक प्रतिष्ठानले आफ्नो स्थापना कालदेखिनै स्थापनाको उद्देश्य अनुरुप तोकिएका काम कारवाही गर्दै आएको छ ।यसका साथै प्रतिष्ठानले निम्न उल्लेख गरे अनुसार सःशुल्क प्रशिक्षण पनि सञ्चालन गर्दै आएको छ।

**क) प्रशिक्षण नीति, २०७२:** यस नीतिमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले न्याय र कानूनको क्षेत्रमा सम्बद्ध निकायहरुसँग समन्वय गरी सःशुल्क प्रशिक्षण समेतका कार्यक्रमहरु सञ्चालन गर्नेछ[१] भन्ने व्यवस्था रहेको छ।

**(ख) प्रतिष्ठानले राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्य सञ्चालन नियमावली), २०६९:** यस नियमावलीमा सःशुल्क प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिने र यस्तो प्रशिक्षण वापत समितिले निर्धारण गरे बमोजिमको शुल्क लिई न्यायिक निकायबाहेकका जनशक्तिलाई पनि न्याय र कानूनका बिषयमा प्रशिक्षण तथा तालिम सञ्चालन प्रतिष्ठानले गर्न सक्नेछ[२] भन्ने प्रावधान रहेको छ।

## १.२ प्रशिक्षण पाठ्यक्रमको उद्देश्य

क) दूरसञ्चार सम्बन्धी कानून र दूरसञ्चार अपराध सम्बन्धी जिल्ला र उच्च अदालतका न्यायधीशहरु, सरकारी वकिल एवं अनुसन्धान अधिकारीहरुका लागि प्रदान गरिने प्रशिक्षण कार्यक्रमका व्यवस्थापक, सहभागी र सहजकर्ताहरुको लागि मार्गनिर्देश गर्नु प्रशिक्षण पाठ्यक्रमको प्रमुख उद्देश्य हो।

---

[१] राष्ट्रिय न्यायिक प्रतिष्ठानको प्रशिक्षण नीति, २०७२ को रणनीति १७ नं. ।

[२] राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्य सञ्चालन नियमावली), २०६९ को नियम १९।

ख) सहजकर्ताको प्रस्तुती विषय केन्द्रित, व्यवहारिक र प्रभावकारी तथा व्यवस्थित गराउनु समेत यो प्रशिक्षण पाठ्यक्रमको उद्देश्य रहेको छ।

## १.३ पाठ्यक्रमको प्रयोग

यो प्रशिक्षण पाठ्यक्रम मूलरुपमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले दूरसञ्चार सम्बन्धी कानून र दूरसञ्चार अपराध सम्बन्धी जिल्ला र उच्च अदालतका न्यायधीशहरु, सरकारी वकिल एवं अनुसन्धान अधिकारीहरुका लागी सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रमको प्रयोजनका लागि प्रयोग गर्ने।

## १.४ प्रशिक्षण कार्यक्रमको समग्र उद्देश्य

**यस प्रशिक्षण कार्यक्रमबाट प्रत्येक सहभागी;-**

- सम्बन्धित अधिकारीहरु, अनुसन्धान, अभियोजन र न्याय सम्पादनमा गुणस्तरीयता र प्रभावकारीता ल्याउन सक्षम हुनेछन्।
- दूरसञ्चार सम्बन्धी कानून र दूरसञ्चार अपराध सम्बन्धी जानकार हुनेछन्,
- प्रशिक्षण कार्यक्रमबाट हासिल गरेको ज्ञानलाई आफ्नो कानूनी सोचमा समाहित गरी व्यावसायिक क्रियाकलापमा प्रयोगमा ल्याउन सक्षम हुनेछन् ।
- प्रशिक्षण कार्यक्रममा सिकेका ज्ञानलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न चाहिने सीप विकास गर्न सक्षम हुनेछन्,
- प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन र सुधारका लागि पृष्ठपोषण दिन सक्षम हुनेछन् ।

## १.५ सहभागिता, सहभागी संख्या र अवधि

जिल्ला र उच्च अदालतका न्यायधीशहरु, सरकारी वकिल एवं अनुसन्धान अधिकारीहरुका लागी लक्षित गरी सञ्चालन हुने यो प्रशिक्षण कार्यक्रमका लक्षित समूह, सहभागी संख्या र कार्यक्रमको अवधि देहाय बमोजिम हुनेछः

**१.५.१ सहभागिता**: यस प्रशिक्षणका सहभागीहरु जिल्ला र उच्च अदालतका न्यायधीशहरु, सरकारी वकिल एवं अनुसन्धान अधिकारीहरु हुनेछन्।

**१.५.२ सहभागी संख्या**: बढीमा ४० जना।

**१.५.३ अवधि**: १ (एक) दिन।

## १.६ पाठयक्रमको संरचना

पाठ्यक्रमको पहिलो भागमा प्रारम्भिक विषयहरु (पृष्ठभूमी, लक्ष्य, उद्देश्य, सहभागिता, प्रशिक्षण अवधि, प्रशिक्षणको मूल्याङ्कन समेत) रहेका छन् । दोस्रो भागमा प्रशिक्षणका सत्रहरु समावेश गरिएका छन्। पाठ्यक्रमको अन्त्यमा सन्दर्भ सामग्रीको विवरण रहेको छ।

## १.७ पाठ्यक्रमका सत्रहरु

यस प्रशिक्षणमा देहाय बमोजिम ३ (तिन) वटा सत्रहरु समावेश गरिएको छ।

१.७.१ सत्र एकः दूरसञ्चार अपराधको अवधारणा र अपराधको प्रकृति

१.७.२ सत्र दुईः दूरसञ्चार सम्वन्धी कानून, अनुसन्धान र अभियोजन पद्दति

१.७.३ सत्र तिनः दूरसञ्चार सम्वन्धी कसूरमा न्यायिक अभ्यास

## १.८ प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन

उपलब्ध बजेट तथा समय अनुसार प्रशिक्षण आवासीय तथा गैरआवासीय रुपमा सञ्चालन गर्न सकिनेछ। प्रशिक्षणका प्रशिक्षक/श्रोत व्यक्ति चयन गर्दा प्रतिष्ठानको नियमानुसार सूचीकृत प्रशिक्षक तथा विज्ञ व्यक्तिबाट चयन गरिनेछ। प्रशिक्षकले सत्र सञ्चालन गर्दा वयस्क प्रशिक्षण विधि अवलम्बन गर्नु पर्नेछ। समग्र प्रशिक्षण, श्रोत व्यक्ति र सहभागीहरुको छुट्टा छुटै मूल्याङ्कन हुनेछ।साथै आवश्यकताका आधारमा पूर्व प्रशिक्षण मूल्याङ्कन, प्रशिक्षण पश्चातको मूल्याङ्कन, प्रशिक्षण सत्रको मूल्याङ्कन र समग्र प्रशिक्षणको मूल्याङ्कन प्रतिष्ठानले तोकेको ढाँचा बमोजिम हुनेछ।

## भाग दुई
## सत्र र यसमा समेटिने विषयहरु

### सत्र एक

| क्र.म | विषय/शिर्षक | सत्रमा समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | दूरसञ्चार अपराधको अवधारणा र अपराधको प्रकृति | अवधारणा | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | | अपराधका प्रकृती | | |
| ३ | | अनलाईन प्रविधि वाट हुने अपराध (क्रिप्टोकरेन्सी, विटक्वाइन, हाईपरनेटवरकिङ्ग, अनलाइन जुवा) | | |
| ४ | | भि-ओ आई पी (VoIP) प्रविधि | | |
| | | विगो निर्धारणका आधारहरु | | |
| ५ | | विगो निर्धारणका अन्तराष्ट्रिय अभ्यास | | |
| | | विगो निर्धारणका नेपाली अभ्यास | | |

### सत्र दुई

| सत्र | विषय/शिर्षक | सत्रमा समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | दूरसञ्चार सम्वन्धी कानून, अनुसन्धान र अभियोजन पद्दति | रेडियो ऐन, २०१४ | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २. | | दूरसञ्चार ऐन, २०५३ | | |
| ३. | | विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ | | |
| ४. | | संगठित अपराध निवारण ऐन, २०७० | | |
| ५. | | मुलुकी अपराध संहिता, २०७४ | | |
| ६. | | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | | |
| | | अन्य सम्वद्ध ऐन तथा निरमहरु | | |

## सत्र तिन

| सत्र | विषय/शिर्षक | सत्रमा समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | दूरसञ्चार सम्वन्धी कसूरमा न्यायिक अभ्यास | जिल्ला अदालतबाट भएका महत्वूर्ण फैसला | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २. | | उच्च अदालतबाट भएका महत्वूर्ण फैसला | | |
| ३. | | सर्वोच्च अदालतवाट भएका महत्वूर्ण आदेश तथा फैसला | | |
| ४. | | अन्तराष्ट्रिय अभ्यास | | |

## सन्दर्भ सामग्री

### कानूनहरु

- ❖ रेडियो ऐन, २०१४
- ❖ दूरसञ्चार ऐन, २०५३
- ❖ विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३
- ❖ संगठित अपराध निवारण ऐन, २०७०
- ❖ मुलुकी अपराध संहिता, २०७४
- ❖ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

### अन्तराष्ट्रिय दस्तावेज

- ❖ International Telecommunication Convention, MALAGA-TORREMOLINOS, 1973

### फैसलाहरु

- ❖ नेपाल सरकार विरुद्ध सरस्वती वैद्य समेत (मुद्धा नं. ०७४-CF-०००१) दरुसञ्चार ऐन अन्तर्गतको कसूर।
- ❖ नेपाल सरकार विरुद्ध मोहम्मद आसिफ समेत (मद्दा नं. ०७४-CF-०००६) दरुसञ्चार ऐन अन्तर्गतको कसूर ।
- ❖ नेपाल सरकार विरुद्ध सनिलमान तलाधर (मद्दा नं. ०७४-CF-०००७) दरुसञ्चार ऐन अन्तर्गतको कसूर ।
- ❖ नेपाल सरकार विरुद्ध भगवान कडेल, (मद्दा नं. ०७५-CF-०००७) दूरसञ्चार ऐन अन्तर्गतको कसूर ।